# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

**बै.सं.** ३/०८२/०८३
**अध्यक्षता:** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ
**मिति:** २०८२/०६/०१

**उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलदेवसिंह गोम्देन | नगर प्रमुख | उपस्थित |
| २ | श्री खड्गमाया पराजुली | उप प्रमुख | उपस्थित |
| ३ | श्री अनोज कुमार घिमिरे | प्रमुख प्रशासकीय अधिकृत/सचिव | उपस्थित |
| ४ | श्री उपेन्द्र बस्नेत | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | श्री नरेन्द्र श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | उपस्थित |
| ६ | श्री सिताराम भट्टराई | वडा अध्यक्ष वडा नं ३ | उपस्थित |
| ७ | श्री अम्बरबहादुर कटुवाल | वडा अध्यक्ष, वडा नं ४ | उपस्थित |
| ८ | श्री गिताराज खड्का | वडा अध्यक्ष, वडा नं ५ | उपस्थित |
| ९ | श्री हरिश्चन्द्र बास्तोला | वडा अध्यक्ष, वडा नं ६ | उपस्थित |
| १० | श्री गोविन्द खतिवडा | वडा अध्यक्ष, वडा नं ७ | उपस्थित |
| ११ | श्री कुमारप्रसाद उप्रेती | वडा अध्यक्ष, वडा नं ८ | उपस्थित |
| १२ | श्री भिष्म मिश्र | वडा अध्यक्ष, वडा नं ९ | उपस्थित |
| १३ | श्री भुपेन्द्र नेउपाने | वडा अध्यक्ष, वडा नं १० | उपस्थित |
| १४ | श्री खगेन्द्र इङ्नाम | वडा अध्यक्ष, वडा नं ११ | उपस्थित |
| १५ | श्री मुना खत्री | कार्यपालिका सदस्य | उपस्थित |
| १६ | श्री विमला रोक्का | कार्यपालिका सदस्य | उपस्थित |
| १७ | श्री चन्द्रमाया तामाङ | कार्यपालिका सदस्य | उपस्थित |
| १८ | श्री चन्द्रकुमारी तामाङ | कार्यपालिका सदस्य | उपस्थित |
| १९ | श्री गौरीमाया चिमरिया | कार्यपालिका सदस्य | उपस्थित |
| २० | श्री नरेन्द्र कुमार राई | कार्यपालिका सदस्य | उपस्थित |
| २१ | श्री सन्तोष मेचे | कार्यपालिका सदस्य | |
| २२ | श्री कौशिलाल परियार | कार्यपालिका सदस्य | उपस्थित |
| | | | |
| | | | |

१. **समिक्षा**

गत भाद्र २३ र २४ गते देशव्यापी रुपमा जेन्जी समूहद्वारा आयोजित आन्दोलन, त्यस दौरान उत्पन्न विध्वंसात्मक गतिविधि एवं पछिल्लो समय उत्पन्न विसम परस्थितिका सम्बन्धमा समिक्षात्मक छलफल गरियो । सबै वडाध्यक्षज्यूहरुबाट आआफ्नो वडाको अवस्थाका सम्बन्धमा जानकारी भई उक्त आन्दोलनका क्रममा मृत्यु भएका सबैको आत्माको चीरशान्तीको कामना गर्दै यो बैठक शोक समेवदना व्यक्त गर्दछ ।साथै, घाइते व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

२. **प्रस्ताव नं २ सेवा प्रवाह व्यवस्थापन सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** गत भाद्र २३ र २४ गते जेन्जी समूहको आन्दोलनका क्रममा भएको विध्वंसात्मक गतिविधिहरुबाट यस अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुमा तोडफोड तथा आगजनी भई भौतिक संरचनाहरु, कार्यालय सामाग्री तथा अभिलेखहरुमा पूर्ण क्षति भई तत्काल वडा कार्यालयहरुबाट नियमित सेवा प्रवाह गर्ने अवस्था नरहेको अवस्थामा वडा कार्यालयबाट प्रदान गर्नुपर्ने अति आवश्यक सेवा प्रवाहका लागि वैकल्पिक व्यवस्थाका सम्बन्धमा थप छलफल तथा निर्णयका लागि प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** यस प्रस्तावमा छलफल गर्दा प्रस्तावमा उल्लेख भए बमोजिम भाद्र २४ गतेको आन्दोलनका कारण नगर कार्यपालिकाको कार्यालयमा आगजानी तथा तोडफोड भएको, सबै वडा कार्यालयहरुमा आगजानी भई क्षतिग्रस्त भएको तर तत्काल अति आवश्यक लगायतका नियमित सार्वजनिक सेवा प्रवाह गर्दै लैजानुपर्ने विषम परिस्थिति सृजना भएको हुनाले नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयको सेवा प्रवाह व्यवस्थापनका सम्बन्धमा  देहायानुसार गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

१. सबै वडा कार्यालयहरु पूर्ण रुपले क्षति पुगेको हुनाले वडा कार्यालयहरुबाट तत्काल सेवा प्रवाह गर्ने अवस्था नरहेको एवं लामो समय सेवा अवरुद्ध गर्ने अवस्था समेत नरहेकाले नगर कार्यपालिका तथा वडा कार्यालयहरुको सेवा प्रवाह व्यवस्थापनका सम्बन्धमातत्कालका लागि नगर कार्यपालिकाको कार्यालयको सभाहलमा कार्यालयमा उपलब्ध भएसम्मका श्रोत साधनहरुको अधिकतम उपयोग गरी सबै वडाहरुको अति आवश्यक सेवा प्रवाह गर्ने,

२. नगर कार्यपालिकाका कार्यालय तथा वडा कार्यालयहरुको सेवा प्रवाहलाई व्यवस्थित गर्नका लागि तत्काल सम्पन्न गर्नुपर्ने कार्यहरु नगर कार्यपालिकाको कार्यालयमा विद्युत वायरिङ, नेटवर्किङ, कार्यकक्षहरुको झ्याल ढोका मर्मत, नगर कार्यपालिकाको कार्यालय तथा नगर प्रहरी कक्ष रङ्गरोगन लगायतका कार्यहरु एवं तत्काल मर्मत गरी सञ्चालन गर्न सकिने वडा कार्यालयहरुको मर्मत सम्भार सम्बन्धि कार्य, अति आवश्यक फर्निचर तथा अन्य उपकरण खरिद लगायतका कार्यहरुलाई यथासक्य छिटो सम्पन्न गर्नुपर्ने भएको हुँदा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम छिटो विधिद्वारा सम्पन्न गर्नका लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**३. प्रस्ताव नं ३ नदीजन्य पदार्थको अनाधिकृत उत्खनन तथा संकलन नियन्त्रण सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिका अन्तर्गतका बिरिङ, टाङटिङ, नेते, सुखानी लगायतका नदीहरुबाट नदीजन्य पदार्थको उत्खनन तथा संकलनका लागि यस कार्यालयबाट प्रारम्भिक वातावरणीय परीक्षण लगायतका कार्य भईरहेको एवं ठेक्का बन्दोवस्त हुन बाँकी रहेको हुँदा कार्यालयबाट ठेक्का बन्दोवस्त नभएसम्म अनाधिकृत तवरले नदीहरुबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन नियन्त्रणका लागि सूचना प्रकाशन प्रशारण तथा प्रचार प्रसार गर्ने लगायतका सम्बन्धमा थप छलफल तथा निर्णयका लागि प्रस्ताव पेश गरिएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा छलफल गरी यस नगरपालिका भएर बहने नदीहरुबाट नदीजन्य पदार्थको उत्खनन तथा सङ्कलनका लागि कार्यालयबाट ठेक्का बन्दोवस्त नभएसम्म अनाधिकृत तवरले नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन नगर्न नगराउनका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने ।साथै, यस नगरपालिकाका नदीहरुबाट नदीजन्य पदार्थको अनाधिकृत उत्खनन तथा संकलन नियन्त्रणका लागि स्थानीयवासीहरुले समेत निरन्तर निगरानी गरी सहयोग गरिदिनुहुन अनुरोध गरी अनाधिकृत उत्खनन तथा संकलन गर्दा कोशी प्रदेश आर्थिक ऐन, २०८२ तथा अन्य प्रचलित कानून बमोजिम हुने जरिवाना तथा नियन्त्रण गर्न सहयोग गर्नेलाई प्रोत्साहन गर्ने सम्बन्धि कानूनी व्यवस्था समेत जानकारी गराई सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।